## अनुसूची -६
## समितिले पारित गरेको प्रश्नावली मार्फत प्राप्त सुझावहरुको सार संक्षेप

१. जिल्ला भित्रको प्राकृतिक स्रोत भन्नाले,
अधिकांश उत्तरदाताले समितिले तयार पारेको प्राकृतिक स्रोतको सूची बाहेक देहायमा उल्लेखित वस्तुलाई समेत समावेश गरिनु पर्ने भन्ने धारणा प्रस्तुत गरेका छन् ।

- पर्यटकीय स्थल
- हिमाल
- हावा
- मठमन्दिर
- सौर्य शक्ति
- पुरातात्विक वस्तु
- आकाश

२. सूचीकृत प्राकृतिक स्रोतहरुलाई कुन कुन तहमा राख्ने ? (क्रमशः उत्तरदाताको संख्याको आधारमा)

| (क) केन्द्रीय तहमा | (ख) प्रान्तीय तहमा | (ग) स्थानीय तहमा |
|---|---|---|
| जल | जल | जल |
| खानी | जंगल | जंगल |
| जंगल | खानी | जमिन |
| जमिन | जमिन | खानी |

३. प्राकृतिक स्रोत सम्बन्धमा कुन कुन तहले के कस्तो दायित्व र जवाफदेही निर्वाह गर्नु पर्ला ?

| (क) केन्द्रीय तहले | (ख) प्रान्तीय तहले | (ग) स्थानीय तहले |
|---|---|---|
| सन्धि सम्झौता | स्रोत संकलन | निर्माण, संचालन तथा मर्मत |
| समन्वयकारी भूमिका | नीति निर्माण र व्यवस्थापन | संरक्षण र उपयोग |
| संरक्षण | संरक्षण र सम्बर्द्धन | प्रदूषणबाट बचाउने |
| स्रोतको खोजी र अनुसन्धान | परिचालन | स्थानीय स्रोतको पहिचान, संकलन र परिचालन |
| नीति निर्माण र अनुगमन | कार्यक्रम छनौट | जनसहभागिता जुटाउने । |
| लगानी सम्बन्धी | निर्देशन | |

४. प्राकृतिक स्रोत र साधनबाट कसरी अधिकतम रुपमा राजस्व संकलन गर्न सकिन्छ ?

| | | |
|---|---|---|
| सदुपयोग र संरक्षण गरेर | ऐन नियमको प्रभावकारी | चोरी निकासी र भ्रष्टाचार |

| | | |
|---|---|---|
| | कार्यान्वियनबाट | नियन्त्रण गरेर |
| जनसहभागिता बृद्धि गरेर | ठूला आयोजनाको निर्माण र उद्योग धन्दाको विकास गरेर | प्राकृतिक स्रोत व्यवस्थापनको जिम्मा निजी क्षेत्रलाई दिएर |
| स्थानीय कर लगाएर | जनचेतना | लुकेका स्रोत साधनको खोजी एवं पहिचान गरेर |
| खनिज उत्खनन गरेर | करको दायरा बढाएर | जडिबुटी निर्यात गरेर |
| विद्युत् उत्पादन गरेर | | |

५. कुन प्राकृतिक स्रोत माथि कुन तहलाई राजस्व संकलन गर्न दिइनु पर्छ ? (क्रमशः उत्तरदाताको संख्याको आधारमा)

| (क) केन्द्रीय तहमा | (ख) प्रान्तीय तहमा | (ग) स्थानीय तहमा |
|---|---|---|
| जल | जल | जल |
| खानी | जंगल | जंगल |
| जंगल | खानी | जमिन |
| जमिन | जमिन | खानी |

६. प्राकृतिक स्रोतबाट प्राप्त राजस्वलाई कुन तहमा कसरी बाँडफाँड गर्ने ?

| (क) केन्द्रीय तहमा | (ख) प्रान्तीय तहमा | (ग) स्थानीय तहमा |
|---|---|---|
| २५% | २५% | १०० % |
| १०० % | ३०% | ५०% |
| ४०% | १०० % | ३०% |
| ६०% | ५०% | ३३% |
| २०% | २०% | ६०% |
| ३०% | ४५% | ४० % |

७. संघीय संरचनामा विभिन्न तहका निकायहरुले अनुसूचीमा उल्लेख गरिएका करहरु मध्ये कुन कुन प्रकारका राजस्व उठाउनु पर्ला ? (क्रमशः उत्तरदाताको संख्याको आधारमा)

| (क) केन्द्रीय तहले | (ख) प्रान्तीय तहले | (ग) स्थानीय तहले |
|---|---|---|
| भन्सार | आय कर | वन कर |
| भ्याट | मालपोत | शिक्षा सेवा कर |

| | | |
|---|---|---|
| आयकर | खानी कर | घर जग्गा कर |
| खानीकर | वालुवा, गिट्टी, माटो कर | सवारी साधन कर |
| हुलाक महसुल | सवारी साधन कर | सम्पत्ति कर |
| पानी कर | मनोरञ्जन कर | |
| अन्तःशुल्क | | |
| विद्युत | | |
| शिक्षा सेवा कर | | |

८. केन्द्रीय, प्रान्तीय र स्थानीय सरकार बीचको आर्थिक अन्तरसम्बन्ध कस्तो हुनुपर्छ ?

- स्पष्ट र पारदर्शी
- सहअस्तित्वमा आधारित
- आफ्नो क्षेत्रको आम्दानी आफैं विनियोजन र बाँडफाँड गर्नसक्ने
- प्रान्तीय र स्थानीय सरकार केन्द्रप्रति पूर्ण रुपले जवाफदेही र उत्तरदायी हुनुपर्ने
- केन्द्रले सम्झौता र निर्णय गर्ने, प्रान्तले कार्यान्वयन गर्ने र स्थानीय तहबाट पूर्ण रुपले जनसहभागिता जुटाउने ।
- विकेन्द्रीकरणको सिद्धान्तमा आधारित
- मुद्रा व्यवस्थापनको कार्य पनि प्रान्तमा हुनुपर्ने ।

९. प्रान्तहरु बीचको आर्थिक असमानता हटाउन केन्द्रले खेल्नुपर्ने भूमिका के के हुन सक्छन् ? (क्रमशः उत्तरदाताको संख्याको आधारमा)

- केन्द्र र प्रान्त दुवैले आर्थिक न्यायका लागि पुनर्वितरणकारी भूमिका खेल्ने
- प्रान्तीय सरकारका बीच आफ्नै साधन स्रोतका आधारमा स्वतन्त्र रुपमा प्रतिस्पर्धा गर्न दिने ।
- अन्य

१०. केन्द्रीय सरकारको आयस्रोतको बाँडफाँडको मापदण्ड कसरी निर्धारण गर्न उपयुक्त हुन्छ ? (क्रमशः उत्तरदाताको संख्याको आधारमा)

- भौगोलिक विकटताको आधारमा
- जनसंख्याको आधारमा
- पिछडिएको क्षेत्रको आधारमा
- विभिन्न आर्थिक परिसूचकको आधारमा
- प्राप्त स्रोतको आधारमा

११. साझा वित्तीय कोषको संयन्त्र कस्तो बनाउनुपर्ला ? (क्रमशः उत्तरदाताको संख्याको आधारमा)

- स्वायत्त निकाय
- आयोग
- प्रशासनिक संयन्त्र

१२. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँडका सम्बन्धमा केन्द्र र प्रान्त, प्रान्त र प्रान्त वा प्रान्त वा स्थानीय निकाय बीच विवाद उत्पन्न भएमा त्यसको समाधान कसरी गर्ने व्यवस्था हुनु पर्ला ? (क्रमशः उत्तरदाताको संख्याको आधारमा)

- संवैधानिक संयन्त्र
- अदालती संयन्त्र
- न्यायाधिकरण संयन्त्र
- प्रशासनिक संयन्त्र

१३. आर्थिक अधिकार तथा राजस्व संकलनमा सुदृढ एवं जिम्मेवार बनाउन निम्न तहले के कस्तो दायित्व र जवाफदेहिता निर्वाह गर्नु पर्ला ?

| (क) केन्द्रीय तहले | (ख) प्रान्तीय तहले | (ग) स्थानीय तहले |
|---|---|---|
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, नियम बनाउने, निर्णय गर्ने र नेतृत्वकारी भूमिका निर्वाह गर्ने, | केन्द्रीय नीति कार्यान्वयन गर्ने | केन्द्र र प्रान्तले वनाएका कानूनको कार्यान्वयन गर्ने |
| कार्यान्वयन संयन्त्र प्रभावकारी बनाउने | प्रशासनिक, व्यवस्थापकीय, निरीक्षण एवं संयोजनकारी कार्य गर्ने | परिचालन तथा अनुगमनको कार्य गर्ने |
| समानुपातिक कर प्रणाली अपनाउने | मूल्यांकनको कार्यलाई प्रभावकारी बनाउने | आर्थिक पारदर्शिता र उत्तरदायित्व बहन गर्ने |
| अनुगमनको कार्य सशक्त र प्रभावकारी बनाउने | स्थानीय तहको नियन्त्रकको कार्य गर्ने | कार्यान्वयन तथा जनसहभागिता जुटाउने |
| आर्थिक पारदर्शितामा जोड दिने | आर्थिक पारदर्शिता कायम राख्ने | आन्तरिक कर उठाउने र प्रान्तलाई बुझाउने |
| रेखदेख र नियन्त्रण गर्ने | राय सल्लाह र सुझाव दिने | राजस्व संकलनमा सहयोग पुऱ्याउने |
| न्यायोचित वितरण र बाँडफाँड गर्ने | विभिन्न विषयमा सर्वेक्षण गर्ने | जनचेतना बढाउने |
| अभिभावकको भूमिका निर्वाह गर्ने | राजस्व संकलनमा सहयोग पुऱ्याउने | सहयोगीको भूमिका निर्वाह गर्ने |
| ठूलो योजना र कार्यक्रम सञ्चालन गर्ने | अनुगमनलाई चुस्त बनाउने | साना योजना सञ्चालन गर्ने |
| | मझौला योजना सञ्चालन गर्ने | |
| | समन्वय, संरक्षण, कार्यान्वयन र नीति निर्देशन | |

१४. अन्य कुनै सुझाव भए ....................

| | | |
|---|---|---|
| प्राकृतिक स्रोत साधन स्थानीय जनसमुदायलाई हस्तान्तरण गर्ने | रोजगारीको ग्यारेण्टी हुनुपर्ने | गरिव र पिछडिएका वर्गलाई गाँस, बास, कपास र शान्ति सुरक्षाको व्यवस्था |
| छरिएर रहेका स्रोतहरुको खोजी, अनुसन्धान र उत्खनन गरी व्यवस्थित र दिगो उपयोग गर्ने | प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँडको बराबर अधिकार सबै तहलाई हुनुपर्ने | प्राकृतिक स्रोतलाई राष्ट्रियकरण गर्नुपर्ने |
| प्राकृतिक स्रोत र साधन | राजस्व संकलनमा संलग्न | राजस्व चुहावट गर्ने भ्रष्टहरुका |

| | | |
|---|---|---|
| स्थानीय समुदायको सहभागितामा प्रयोग गर्ने | कर्मचारी एवं पदाधिकारीहरुको नातेदारहरुको पनि सम्पत्ति छानविन हुनपर्ने | लागि कडा कानून बनाउनु पर्ने |
| द्वैध कर प्रणाली खारेज गर्ने | कर पारदर्शी र सरल हुनु पर्ने | विकासको पूर्वाधार खडा गरी आय स्रोत बढाउने |
| स्थानीय स्रोतको प्रयोग गर्दा स्थानीय जनतालाई पहिलो प्राथमिकता दिनुपर्ने | रोजगारमूलक शिक्षा | वित्तीय आयोग गठन हुनुपर्ने |
| बेरोजगार भत्ताको व्यवस्था गर्ने | विभिन्न ठाउँमा राजस्व केन्द्रको स्थापना गर्ने | नदी नालामा विषादी हाल्न प्रतिबन्ध लगाउने |
| लोपोन्मूख प्राकृतिक सम्पदाको संरक्षण गर्नु पर्ने | प्राकृतिक स्रोतको क्षेत्रमा राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्ड सजायको व्यवस्था | |

## अनुसूची-७

### विभिन्न संघसंस्था, राजनीतिक दल तथा व्यक्तिहरुबाट प्राप्त राय सुझावहरुको सार संक्षेप

(१) केन्द्रीय सरकारमा मुद्रा, सुरक्षा, वैदेशिक सम्बन्ध, प्रमुख प्राकृतिक सम्पदाको परिचालन जस्ता सीमित क्षेत्रको भूमिका राखी बाँकी सबै जसो विषयहरु विकेन्द्रित गरिनु पर्ने ।

(२) अन्तर्राष्ट्रिय सन्धि सम्झौता, द्विपक्षीय तथा बहुपक्षीय सन्धि सम्झौता जनमत संग्रहका माध्यमले अनुमोदन गरिनु पर्ने ।

(३) ज्येष्ठ नागरिकहरुका लागि जीवनको सुनिश्चितता र बृद्धबृद्धाहरुको लागि विभिन्न ठाउँमा आवश्यक सुविधासहितको बृद्धाश्रम हुनु पर्ने ।

(४) पारदर्शी, प्रगतिशील कर प्रणाली ।

(५) जल, जंगल, जमिन, जडिबुटी, खनिज जस्ता प्राकृतिक स्रोतमा सबै नागरिकहरुको न्यायोचित पहुँचको व्यवस्था गरिनु पर्ने ।

(६) प्राकृतिक स्रोतबाट प्राप्त हुने राजस्वलाई केन्द्रीय तहमा २० देखि ४० प्रतिशत, प्रान्तीय तहमा २० देखि ४० प्रतिशत गरी अधिकतम स्थानीय तहलाई नै प्राप्त हुने गरी बाँडफाँड गरिनु पर्ने । कम विकसित राज्यले कम प्रतिशत र बढी विकसित राज्यले बढी प्रतिशत केन्द्रलाई बुझाउने व्यवस्था गरिनु पर्ने ।

(७) केन्द्रीय तहले जनसंख्या, भौगोलिक विकटता र पिछडिएको क्षेत्रका आधारमा आयस्रोतको वितरणको व्यवस्था गर्नु पर्ने । प्रान्तहरुको समान विकासका लागि केन्द्रले असमान सहयोगको नीति अनुरुप अनुदान वा ऋण दिन सक्ने व्यवस्था गरिनु पर्ने ।

(८) ठूला राष्ट्रिय महत्वका उद्योग एवं कलकारखाना खोल्न केन्द्रीय सरकारले अनुमति दिने, स्थानीय तहलाई अधिकार र कर्तव्यले सुसज्जित बनाउने र प्रान्तीय सरकारले समग्र प्रान्तको सन्तुलित विकासमा कार्यरत रहने । केन्द्रीय सरकारले आर्थिक न्यायका लागि पुनर्वितरणकारी भूमिका खेल्ने ।

(९) आयात-निर्यात कर, मूल्य अभिबृद्धिकर तथा आय कर केन्द्रीय तहले उठाउने र स्थानीय तहले स्थानीय कर उठाउने व्यवस्था गर्नु पर्ने ।

(१०) प्राकृतिक स्रोत र साधनमा स्थानीय जनताको सार्वभौम अधिकार स्थापित गर्न संविधानमै व्यवस्था गरिनु पर्ने । प्राकृतिक स्रोत साधनको उपयोग एवं संरक्षणमा स्थानीय, आदिबासी, अल्पसंख्यक, सीमान्तकृत वर्गको अधिकारको सुनिश्चितता गर्नु पर्ने ।

(११) क्रान्तिकारी भूमिसुधार र भूमिको वैज्ञानिक पुनर्वितरण ।

(१२) परम्परागत सीप तथा ज्ञानका उचित संरक्षण र सम्बर्द्धनका लागि सरकारी तर्फबाट उचित व्यवस्था हुनुपर्ने ।

(१३) प्राकृतिक स्रोतसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरुको पुनरावलोकन गरी राष्ट्रिय हितको पक्षमा सन्धिहरुलाई नवीकरण गरिनु पर्ने ।

(१४) गाँस, बास, कपास, शिक्षा, स्वास्थ, रोजगारी र सुरक्षाको साथसाथै बाँच्नका लागि आधारभूत आवश्यकता पूर्ति मौलिक हक भित्र राखिनु पर्ने ।

(१५) गरिवमुखी विकासको अवधारणाका लागि संवैधानिक व्यवस्था गरिनु पर्ने ।

(१६) भूमिहीन मुक्त कमैया, हलिया, सुकुम्बासीहरुको पुनर्बास तथा सामाजिक र आर्थिक सशक्तीकरणका लागि राष्ट्रिय नीति मार्फत विशेष योजनाको व्यवस्था गरिनु पर्ने ।

(१७) भौगोलिक विकटता र भौगोलिक रुपले जोखिममा परेका क्षेत्रहरुलाई बजेट विनियोजनमा प्राथमिकतामा पर्ने व्यवस्था गरिनु पर्ने ।

(१८) यूवाहरुलाई व्यवसायिक तथा रोजगारमूलक सीप तथा क्षमताको विकास गरी रोजगारीको सुनिश्चितता गरिनु पर्ने ।

(१९) किसानलाई कृषि सामाग्रीमा अनुदान दिनुपर्ने, किसानका उत्पादन उचित मूल्यमा सरकारले खरिद गरिदिनु पर्ने ।

(२०) शहिद परिवार र जनआन्दोलनका घाइतेहरुलाई जीविकोपार्जनका लागि राज्यद्वारा विशेष व्यवस्था हुनु पर्ने ।

(२१) रोजगारको सुनिश्चितता, योग्यता अनुसारको काम र काम अनुसारको ज्याला प्रदान गर्ने । रोजगारीको व्यवस्था नभएसम्म बेरोजगार भत्ताको व्यवस्था हुनु पर्ने ।

(२२) पेशा, व्यवसाय, घुमफिर, आफ्नो मातृभाषामा बोल्न पाउने, विश्वास अनुसारको धर्म मान्न पाउने र सामाजिक संघ संस्था खोल्न पाउने अधिकारको व्यवस्था ।

(२३) राजस्व बाँडफाँडमा प्रान्त तथा स्थानीय निकायलाई बढी सहभागी गराउनु पर्ने ।

(२४) भूमि लगायत अन्य सम्पत्तिमा व्यक्तिको अधिकारलाई राज्यले सुनिश्चितता दिनु पर्ने ।

(२५) प्राकृतिक स्रोतको संरक्षणमा बढी जोड दिनु पर्ने ।

(२६) जल, जमिन र जंगललाई व्यवस्थित र उत्पादनमूलक बनाउने ।

(२७) दिगो व्यवस्थापन र प्राप्त लाभको समान बाँडफाँड हुनुपर्ने ।

(२८) समुदायमा आधारित स्रोत व्यवस्थापनमा विशेष प्राथमिकता दिनु पर्ने ।
(२९) प्रत्येक नेपालीको प्राकृतिक स्रोतहरुमाथि पहुँच र नियन्त्रण हुनु पर्ने ।
(३०) प्राकृतिक वातावरणको विनाशले प्रभावित व्यक्तिलाई क्षतिपूर्ति दिने व्यवस्था गर्ने ।
(३१) वातावरणीय न्याय, खानेपानी, खाद्य, भूमि, स्रोतबाट प्राप्त लाभ, ऊर्जा र विकास सम्बन्धी अधिकार (सामुदायिक र व्यक्तिगत) मौलिक हकका रुपमा राख्ने ।
(३२) प्राकृतिक स्रोत आयोग गठन गरी प्राकृतिक स्रोत सम्बन्धी विवाद व्यवस्थापन गर्ने ।
(३३) प्राकृतिक स्रोतबाट प्राप्त आर्थिक स्रोत र राजस्वको बाँडफाँड, संघ-राज्य-स्थानीय सरकार-समुदायका बीच आपसी लाभको सिद्धान्त बमोजिम हुनुपर्ने ।
(३४) प्राकृतिक स्रोत सम्बन्धी शक्ति, अधिकार र दायित्व सम्बन्धी संवैधानिक सूची निम्नानुसार हुनुपर्ने ।
- राज्य सूची - प्राप्त/प्रदेश
- संयुक्त सूची (समाधिकार)
- स्वायत्त विशेष क्षेत्र वा स्थानीय सरकारको सूची
- सामुदायिक सूची (आदिबासी एवं स्थानीय समुदाय)

(३५) जमिन बाँझो राख्न नपाइने, राखेमा कर तिर्नु पर्ने, भूमिहीनहरुले उपयोग गर्दै आएको जमिनलाई पारिवारिक वा सामुदायिक रुपमा उपायोग गर्न दिने नीति अपनाउनु पर्ने ।
(३६) कृषि अनुदान, कृषि प्रविधि, कृषि सामाग्री र कृषि बजारका लागि आवश्यक सेवा सुविधा उपलब्ध गराउनु पर्ने ।
(३७) भूमि र प्राकृतिक स्रोत माथि बहुराष्ट्रिय कम्पनी र विदेशी कम्पनीहरुको स्वामित्व सिर्जना गर्न नदिने ।
(३८) पैतृक सम्पत्तिमा महिला र पुरुषलाई समान अधिकार, समान कामको समान ज्यालाको व्यवस्था हुनु पर्ने ।
(३९) महिलाको सम्पत्तिमाथिकाृ अधिकार सुनिश्चित गर्न अचल सम्पत्ति बेचविखन गर्दा श्रीमान श्रीमती दुवैको सहमति चाहिने व्यवस्था गरिनु पर्ने ।
(४०) ६० वर्ष पुगेका बृद्धबृद्धाहरुलाई जीवन यापन गर्न पुग्ने गरी बृद्ध भत्ता दिनु पर्ने र एकल महिलालाई विधवा भएकै दिनदेखि भत्ताको व्यवस्था गर्नुपर्ने ।
- परिवारलाई रोजगारी र व्यवसायमा कर छुट दिनुपर्ने ।
- विना धितो ऋण उपलब्धता हुनुपर्ने ।

(४१) मानव र प्राकृतिक स्रोत बीचको अन्तरसम्बन्धमा अध्ययन, अनुसन्धान गरी त्यसबाट हुने प्रतिकूल असरहरु न्यून गर्दै वातावरण व्यवस्थापन तथा दिगो विकासमा जोड दिने ।
(४२) भू उपयोग नीति लागू गरी भूमिको उपयोग, व्यवस्थापन र संरक्षणमा जनताको अधिकार सुनिश्चित गर्ने ।
(४३) राज्य सरकारले प्राप्त गर्ने आम्दानीहरु आ-आफ्नो राज्यको विकास योजनाहरुमा लगानी कसरी गर्ने भन्ने कानूनमा स्पष्ट उल्लेख हुनुपर्ने ।
(४४) लगानीमा मानिसका आधारभूत आवश्यकतालाई प्रथम प्राथमिकता दिने र स्थानीय र दीर्घकालीन विकासमा जोड दिने ।
(४५) हरेक वर्ग, समूह, लिंग, जातजाति र पछि परेका समुदाय, वर्गको उत्थान र विकासमा जोड दिने ।
(४६) आपतकालीन कोषका व्यवस्थाहरु ऐन बनाएर लागू गर्ने ।
(४७) तह अनुसार स्थानीय स्तरका सरकारले सशक्तीकरणका लागि प्राप्त आम्दानीलाई सोही स्तरमा उपयोग गर्ने ।
(४८) जुन, १९९२ मा रियो दि जेनेरियोमा भएको पृथ्वी सम्मेलनमा संयुक्त राष्ट्रसंघीय ढाँचा अन्तर्गत जलवायु परिवर्तन सम्बन्धी सम्मेलन, जैविक विविधता सम्बन्धी गरिएका सम्मेलन, जापानको क्योटोमा सम्पन्न जलवायु परिवर्तनका प्रस्तावहरु अनुसार प्रभाव न्यूनीकरणका लागि संचालन गरिने आयोजना तथा परियोजनाहरुमा सम्बन्धित क्षेत्रका आदिवासीको पूर्व सहमति लिएर मात्र गर्न सकिने अधिकारहरु सुरक्षित गर्नु पर्ने ।
(४९) आठ "ज" को समुचित उपयोगको लागि गम्भीरताका साथ पहल गर्नु पर्ने (जल, जमिन, जंगल, जडिबुटी, जनावर, जराजुरी, जनशक्ति, जलवायु)
(५०) प्राकृतिक स्रोतको आम्दानी केन्द्र र प्रान्तमा बराबर हुनुपर्ने ।
(५१) स्थानीय ताल तलैयाको रेखदेख र दिगो व्यवस्थापन गर्न सम्बन्धित स्तरमा युवा वर्गलाई परिचालन गर्नु पर्ने ।
(५२) सबै नागरिकलाई बास र खाद्य सम्प्रभुताको हकको व्यवस्था गरी जमिन खेती गर्नेहरुलाई मात्र राख्न दिने व्यवस्था मिलाउने ।
(५३) भूमिको स्वामित्व सोको हदवन्दी र भूमिको अधिग्रहण सम्बन्धी पक्षमा केन्द्रले कानून बनाउने र त्यस्तो कानूनको कार्यान्वयन राज्यले गर्नु पर्ने ।
(५४) भूमिको उपयोग र चक्लाबन्दी जस्ता भूमि व्यवस्थापन सम्बन्धी विषयमा कानून बनाउने अधिकार राज्यलाई दिन उपयुक्त हुने ।
(५५) वैज्ञानिक भूमिसुधार आयोग गठन गरी त्यस आयोगको सुझाव अनुसार जग्गाको हदवन्दी कायम गर्ने ।

(५६) कानूनले निर्धारण गरेको हदबन्दीभन्दा बढी भएको जमिन र पूर्व राजपरिवारका नाममा भएको जमिन राष्ट्रका नाममा अधिग्रहण (विना क्षतिपूर्ति) गरिनु पर्दछ ।
(५७) जसको जोत उसको पोतको आधारमा क्रान्तिकारी भूमिसुधार लागू गर्नु पर्ने ।
(५८) सार्वजनिक, सहकारी र निजी क्षेत्रको व्यापक सहभागिताबाट अर्थतन्त्रलाई मजबुत बनाउँदै सामाजिक सुरक्षाको प्रत्याभूतिसहितको आर्थिक प्रणाली अवलम्बन गर्नु पर्ने ।
(५९) वातावरणीय क्षेत्रको र सेवाको संरक्षण र पारिस्थितिक प्रणालीको ह्रासको रोकथाम गर्न राज्यले नेपालको कुल भू-भागको ४० प्रतिशत भू-भागमा वन कायम राख्ने ।
(६०) वनको संरक्षण, विकास तथा वनबाट प्राप्त हुने फाइदाहरुको संरक्षण संरचनागत ऐनको तर्जुमा केन्द्रले गर्ने ।
(६१) राष्ट्रिय निकुञ्ज एवं आरक्ष क्षेत्र घोषणा जस्ता विषयमा केन्द्रलाई अधिकार दिइनु पर्ने ।
(६२) राज्यभित्र संकलन भएका राजस्व स्थानीय तहमा ८० प्रतिशत र केन्द्रको लागि २० प्रतिशत छुट्याइनु पर्ने ।
(६३) आर्थिक प्रभावकारिता, सामाजिक न्याय, प्रशासकीय व्यवहारिकता, वित्तीय आवश्यकतालाई ध्यानमा राखेर राज्यको स्रोत विभाजन गर्नु पर्ने ।
(६४) जलस्रोत लगायत सबैखाले प्राकृतिक स्रोत व्यवस्थापनमा समुदायको सहभागिता र त्यसबाट प्राप्त लाभ संघ, प्रदेश, स्थानीय सरकार र सम्बन्धित समुदाय एवं आम नागरिकका बीचमा आपसी लाभ तथा योगदानको मान्यतामा आधारित रही प्राकृतिक स्रोत व्यवस्थापन गर्ने ।
(६५) नागरिकहरुका आधारभूत आवश्यकता, न्यायपूर्ण सुविधाहरु उपलब्ध गराउन र क्षेत्रीय सन्तुलनका लागि आर्थिक बृद्धि गर्न, वित्तीय हस्तान्तरण गर्नु पर्ने । राजस्व संकलन तल र माथि बीचको खाडल (vertical imbalance) तथा विभिन्न सरकारहरुमा समानरुपले निर्धारित कार्यहरु संचालन गर्ने आफ्नै क्षमता बीचको तेर्सो वा समानान्तर खाडल (Horizontal imbalance) बाट हुने असन्तुलनलाई मेटाउन पनि वित्तीय हस्तान्तरण प्रभावकारी बनाउनु पर्ने । त्यसको लागि ससर्त र निःसर्त अनुदान तथा आन्तरिक ऋणका प्रावधान वारे नयाँ चिराबाट सोची अगाडि बढ्न प्रभावकारी प्रावधान राखिनु पर्ने । जमिनको हकमा स्वामित्व केन्द्रीय सरकारसँग रहे तापनि त्यसबाट उठ्ने कूत तथा रोयल्टी राज्य र स्थानीय निकायमा रहनु पर्ने ।
(६६) जल विद्युत् सम्बन्धमा ५० मेगावाटभन्दा कमलाई स्थानीय स्तरमा, २०० मेघावाट भन्दा कमलाई राज्य सरकारले, त्यसभन्दा माथिका आयोजनाहरु केन्द्रले संचालन गर्नु पर्ने र त्यही अनुसार आम्दानीमाथिको हक पनि स्थापित हुनुपर्ने ।
(६७) खोज अनुसन्धान र अन्वेषणको काम केन्द्र सरकारले गर्ने भएकाले उत्खनन तथा प्रशोधन गर्ने काम समेत केन्द्र सरकारले नै जिम्मा लिनु पर्ने ।
(६८) आर्थिक क्रियाकलापको अधिकार ।
(६९) उद्यमको अधिकार ।
(७०) सरकार वा कुनै व्यक्तिको अनुचित कार्यबाट कसैको कुनै प्रकारको भौतिक क्षति हुन गएमा त्यस्तो क्षति वापत क्षतिपूर्ति पाउने अधिकार स्थापित हुनु पर्ने ।
(७१) व्यापार व्यवसाय खोल्ने, संचालन गर्ने, यसबाट मुनाफा प्राप्त गर्ने र बन्द गर्न पाउने अधिकारको सुनिश्चितता
(७२) स्वतन्त्र तथा निस्पक्ष प्रतिस्पर्धाको अधिकार ।
(७३) सम्झौता गर्ने अधिकारको स्वतन्त्रता ।
(७४) कुनै पनि किसिमको एकाधिकार विरुद्धको हकको व्यवस्था ।
(७५) वस्तु तथा उत्पादनको खुला परिचालनको स्वतन्त्रता ।
(७६) लगानी तथा व्यावसायिक सुरक्षाको व्यवस्था ।
(७७) दोहोरो कर विरुद्धको अधिकार ।
(७८) श्रमिक तथा कामदारले न्यायोचित ज्याला तथा सुविधा प्राप्त गर्ने अधिकार ।
(७९) उद्यमी/लगानीकर्ता/रोजगारदाता र कामदार/श्रमिक बीचको अन्तर सम्बन्धको संवैधानिक प्रत्याभूति ।
(८०) तीस लाख रुपैयाँ भन्दा माथिको सम्पत्ति र दुई तला भन्दा माथिको पक्की घरमा कर लगाउनु पर्ने ।
(८१) साना जलविद्युत् योजना संचालन गर्ने उद्योगी, व्यवसायीहरुलाई आवश्यक सामान आयात गर्दा भन्सार र आयकर छुट दिनु पर्ने ।

## अनुसूची-८

### राय सुझाव संकलन टोलीहरुबाट प्राप्त भएका राय सुझावहरु.

(१) सहयोगात्मक संविधानको अवधारणामा आधारित भएर प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड सम्बन्धी व्यवस्था गरिनु पर्ने ।
(२) देशभरि उपलब्ध प्राकृतिक साधन स्रोतको बृहत्तर जनहित हुने गरी केन्द्रले सबै प्रदेश वा स्थानीय तहलाई समान व्यवहार गर्नुपर्ने ।
(३) आर्थिक रुपले कमजोर प्रान्त तथा स्थानीय तहलाई केन्द्रले सकारात्मक विभेदको नीति समेत अवलम्बन गर्न सक्नेछ ।
(४) स्थानीय तहमा राजस्वको बाँडफाँड गर्दा राज्यले आर्थिक न्यायका लागि पूनर्वितरणकारी भूमिका खेल्नुपर्नेछ ।
(५) आयस्रोतको बाँडफाँड गरिने मापदण्डको निर्धारण गर्दा प्राप्त स्रोत र पिछडिएको क्षेत्रलाई प्रमुख आधार बनाइनुपर्ने ।
(६) प्राकृतिक स्रोत र साधनहरु राष्ट्रियकरण गरिनु पर्ने ।
(७) प्राकृतिक स्रोत साधनको संरक्षण र सम्बर्द्धन तथा उपयोगको अधिकार प्रान्त र स्थानीय निकायलाई दिनुपर्ने ।
(८) प्रत्येक किसानलाई सहुलियत दरमा वीउ-विजन उपलब्ध गराउनु पर्ने ।
(९) वन, अतिक्रमण रोक्नुपर्ने ।
(१०) नेपालको कूल भागको ४५.५० प्रतिशत भाग जंगल रहनु पर्ने व्यवस्था गरिनु पर्ने ।
(११) प्राकृतिक सम्पदाप्रति राष्ट्रको दृष्टिकोणमा परिवर्तन हुनु पर्ने ।
(१२) प्राकृतिक स्रोत र साधनको उचित व्यवस्थापन र बाँडफाँड गरिनु पर्ने ।
(१३) वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू हुनु पर्ने ।
(१४) प्रत्येक गा वि स मा कृषि सेवा केन्द्र हुनुपर्ने ।
(१५) आधुनिक कृषि प्रणाली लागु गर्नुपर्ने ।
(१६) जल सम्पदाको उपयोग आम जनताको सर्वोपरि हित हुनेगरी गर्नुपर्ने ।
(१७) जंगली जनावरवाट हुने क्षतिको क्षतिपूर्ति राज्यले उपलब्ध गराउनु पर्ने ।
(१८) कृषक र कृषि क्षेत्रको उत्थान, उत्पादन र बैज्ञानिक भूमि सुधार बारे उत्पादन र बजार व्यवस्थापन गर्न संविधानमा नै उल्लेख गर्नु पर्ने ।
(१९) राष्ट्रिय हित संरक्षणका लागि प्राकृतिक स्रोत, नदी नाला वारे सम्झौता गर्दा जनताको राय सुझाव लिनु पर्ने ।
(२०) निष्पक्ष भुमिसुधार आयोग गठन हुनु पर्छ ।
(२१) भुमिसुधार आयोगवाट आफ्ना स्वार्थ पूरा गर्ने होइन वास्तविक सुकुम्वासीको समस्याको पहिचान गर्नु पर्दछ ।
(२२) भुमिसुधार आयोगको अध्यक्ष सुकुम्वासीकै प्रतिनिधि हुनुपर्दछ ।
(२३) जंगललाई राष्ट्रियकरण गरी व्यवस्थित गर्नु पर्दछ ।
(२४) किसान वर्गको सम्मान हुनु पर्दछ ।
(२५) कृषि बजारको उचित व्यवस्था गर्नु पर्दछ ।
(२६) कृषियोग्य जमिन बाँझो राख्न नपाइने व्यवस्था हुनुपर्ने । खेतीयोग्य जमिनमा सिंचाईको व्यवस्था गर्नु पर्दछ ।
(२७) कृषि ,पशु, वन सम्बन्धी विश्वविद्यालय स्थापना गर्नु पर्दछ ।
(२८) कृषि ऋणको व्यवस्था गरिनु पर्छ ।
(२९) घरेलु तथा साना उद्योगलाई सरकारले संरक्षण दिनु पर्दछ ।
(३०) जल,जंगल, जमिन,जडिबुटीमाथि स्थानीय आदिवासीको अग्राधिकार कायम गरिनु पर्दछ ।
(३१) जल, जंगल, जमिन साथै खनिजजन्य अन्य प्राकृतिक स्रोत साधन माथि स्थानीय जनताको प्रथम अधिकार हुनुपर्ने ।
(३२) जसको जोत, उसको पोतको आधारमा क्रान्तिकारी भूमिसुधार लागू गर्नु पर्ने ।
(३३) किसानलाई कृषि सामग्रीमा अनुदान दिनुपर्ने र किसानको उत्पादन उचित मूल्यमा सरकारले खरिद गर्नु पर्ने ।
(३४) जनमैत्री जंगलको व्यवस्थापन गर्ने र सो अनुसारको बृक्षारोपण गर्नु पर्ने ।
(३५) स्थानीय प्राकृतिक साधन र स्रोतको उपयोगमा स्थानीय जनतालाई प्राथमिकता दिनु पर्ने ।
(३६) राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन २०२९ लाई सरलीकरण गर्नु पर्ने ।
(३७) खेतीयोग्य जमिन र आवास क्षेत्र छुट्याउनु पर्ने ।

(३८) कृषिमा संवैधानिक रुपमा नै अनुदानको व्यवस्था हुनु पर्ने ।
(३९) वातावरण संरक्षणको लागि दीर्घकालीन नीति तयार गर्नु पर्ने ।
(४०) दैवी प्रकोपमा परेकालाई पुनर्वासको व्यवस्था गरिनु पर्ने ।
(४१) प्राकृतिक स्रोतको बाँडफाँड तथा सीमा निर्धारण सम्बन्धी शान्ति तथा मैत्री सन्धिहरुलाई व्यवस्थापिका-संसदको दुई तिहाई बहुमत र जनमत संग्रहले पारित गर्नु पर्ने प्रावधान राख्नु पर्ने ।
(४२) स्थानीय स्रोत र साधनमा स्थानीय निकायको सर्वोपरि अधिकार हुनु पर्ने ।
(४३) स्थानीय जडिबुटी प्रशोधन केन्द्र स्थानीय स्तरमा नै हुनु पर्ने ।
(४४) कर्णालीको प्राकृतिक स्रोत र साधनको संरक्षण र सदुपयोगमा कर्णालीका जनताको अग्राधिकार रहने गरी संविधान बनाइनुपर्ने ।
(४५) जल सम्पदाको उपयोग गर्ने अधिकार प्रदेशमा हुनु पर्ने ।
(४६) खेतीपातीमा केन्द्रको अधिकार रहनु पर्ने ।
(४७) बैज्ञानिक कृषि प्रणाली लागू गर्ने ।
(४८) कृषिजन्य र पशुजन्य वस्तुको बीमा गरिनुपर्ने ।
(४९) एक गाउँ एक कृषिको नीतिलाई लागू गर्ने ।
(५०) बाँझो जमिन सरकारले अधिग्रहण गर्नु पर्ने ।
(५१) स्थानीय स्तरमा रहेका स्रोत साधनहरुको सम्पूर्ण अधिकार स्थानीय समुदायलाई नै दिइनु पर्ने ।
(५२) सन्तुलित विकास ।
(५३) आर्थिक अवस्थाको आधारमा राहत सुविधा दिइनु पर्ने ।
(५४) सुदूर पश्चिमलाई केही अवधि तोकेर थप आर्थिक आरक्षणको व्यवस्था गर्ने नीति संविधानमा राखिनु पर्ने ।
(५५) आदिवासीको जमिन, जंगल र जलमा अधिकार हुनुपर्ने ।
(५६) कृषि औजार र मलखाद प्राप्त गर्ने तथा कृषि उत्पादनको मूल्य आफैं तोक्न पाउने हक हुनु पर्ने ।
(५७) युवालाई कृषि तालिम र स्वरोजगारको व्यवस्था हुनु पर्ने ।
(५८) आलिताल, उग्रतारा ,अजयमेरु, खप्तड, कर्णाली, मालिका, लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषणा गरिनु पर्ने ।
(५९) ग्रामीण क्षेत्रमा खानेपानीका लागि प्राथमिक प्रावधान हुनु पर्ने ।
(६०) देशभरि उपलब्ध प्राकृतिक साधन स्रोतको वृहत्तर जनहित हुने गरी केन्द्रले सवै प्रदेश वा प्रान्त तथा स्थानीय तहलाई समान व्यवहार गरिनु पर्ने ।
(६१) सवै एकाइले एक आपसमा दुश्मनी नगरी समान एवं सहकर्मीको व्यवहार गर्नु पर्ने ।
(६२) प्राकृतिक स्रोतको सम्बन्धमा केन्द्र, प्रान्त र स्थानीय निकायवीच उत्पन्न हुने विवाद समाधानका लागि प्रशासनिक संयन्त्रको व्यवस्था गर्नु ।
(६३) राजनीतिक स्वतन्त्रता, आर्थिक समानता सामाजिक आर्थिक रुपान्तरण सहित विद्यमान प्रचलित सम्पूर्ण विभेदहरुको अन्त्य गरिनु पर्ने ।
(६४) किसानको हक मौलिक हकमा हुनु पर्ने ।
(६५) राष्ट्रिय भू-उपयोग नीति हुनुपर्ने ।
(६६) नदीनाला र अन्य प्राकृतिक क्षेत्रको संरक्षण राज्यद्वारा व्यवस्थित गरिनु पर्छ ।
(६७) कृषि तथा विविध क्षेत्रमा किटनाशक औषधी तथा विषाक्त पदार्थ प्रयोग गर्न नपाउने व्यवस्था गरिनुपर्ने ।
(६८) स्थानीय स्रोत र सम्पत्तिको जिम्मा स्थानीय सरकारमा हुनु पर्छ ।
(६९) सूचीकृत स्रोतलाई स्थानीय तहमा राख्ने ।
(७०) प्रान्तहरु वीचको आर्थिक असमानता हटाउन प्रान्तीय सरकार बीच आफ्नै स्रोत साधनका आधारमा स्वतन्त्र प्रतिस्पर्धा गर्न दिनु पर्छ ।
(७१) प्रान्तबाट निश्चित प्रतिशत रकम केन्द्रलाई बुझाउने व्यवस्था हुनुपर्ने ।
(७२) वातावरणमा प्रभाव पार्ने पक्षवाट प्रभावितलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने ।
(७३) प्राकृतिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौतामा दुई तिहाई बहुमतले अनुमोदन गर्नु पर्ने ।
(७४) राष्ट्रिय महत्व र ठूलो धनराशि लाग्ने स्रोत र आयोजना केन्द्रको नियन्त्रणमा राख्ने र स्थानीय स्रोतको उपयोगको नीति आउनु पर्ने ।
(७५) प्राकृतिक स्रोत साधनको संरक्षण नेपाली सेनाले गर्नु पर्ने ।
(७६) जल सम्पदाको प्रयोगवारे संविधान मै स्पष्ट धारणा उल्लेख हुनुपर्ने ।
(७७) कर प्रणालीलाई वर्गीकरण गरी केन्द्र र प्रदेशले कुन कुन लिने भन्ने संविधानमा नै उल्लेख हुनु पर्ने ।
(७८) भन्सार, आयकर,वातावरण प्रदूषण कर जस्ता करहरु केन्द्रले लिने व्यवस्था गर्दा राम्रो हुने र पछि परेको क्षेत्रलाई अनुदानको व्यवस्था प्रभावकारी ढंगले गरिनु पर्छ ।
(७९) नेपालमा रहेका प्राकृतिक स्रोत र साधनलाई उच्चतम परिचालन गर्न सक्ने गरी बाँडफाँड गर्ने ।

(८०) जलसम्पदाको परिचालनमा राज्यले स्पष्ट धारणा लिनु पर्दछ ।
(८१) कर प्रणालीलाई व्यवस्थित तरिकाले संविधानमा नै उल्लेख गर्नु पर्छ ।
(८२) पिछडिएका क्षेत्रलाई राज्यले प्रभावकारी रुपमा संरक्षण गर्नु पर्छ ।
(८३) कुल राजस्वको ७५% प्रान्तले र २५ % केन्द्रले लिने ।
(८४) खानीहरु प्रदेशको नियन्त्रणमा हनु पर्ने ।
(८५) कृषियोग्य जमिनमाथि कृषकको हक सुनिश्चित हुनु पर्ने ।
(८६) राष्ट्रिय बन, ठूला किसिमका जलविद्युत्, खानी, सिंचाइलाई केन्द्रले संचालन गर्दा जनताले केही प्रतिफल पाउने सुनिश्चितता हुनु पर्ने ।
(८७) प्रान्तहरु बीचको आर्थिक असमानता हटाउन प्रान्तलाई केन्द्रले नीति बनाउने र त्यसको कार्यान्वयन प्रान्तहरुले गर्ने ।
(८८) प्राकृतिक सम्पदाको संरक्षण भावी पुस्ताको लागि समेत गर्ने व्यवस्था मिलाउने ।
(८९) खोला-नालाहरुको संरक्षण गरी व्यवस्थापन गरिएको जग्गामा सुकुम्बासीहरुको बसोवासको व्यवस्था गर्ने ।
(९०) जडीबुटी सम्बन्धी राष्ट्रिय नीति तय गर्ने ।
(९१) चिया, अलैंची, अदुवा, कफी लगायत नगदेवाली सम्वन्धी राष्ट्रिय नीति तय गर्नु पर्ने ।
(९२) जैविक विविधताको संरक्षणमा जोड दिइनुपर्ने ।

**अनुसूची-९**

**विभिन्न निकाय एवं विज्ञहरुबाट प्राप्त भएका सुझावहरुको सार संक्षेप**

| सि.न | विज्ञ /निकायको नाम | प्राप्त सुझाव |
|---|---|---|
| १. | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | • भूमि व्यवस्थापनको सन्दर्भमा केन्द्रवाट एकीकृत भू-सूचना प्रणालीको विकास गर्ने र यसको व्यवस्थापन स्थानीय निकायले गर्ने ।<br>• भूमिमाथिको द्वैध स्वामित्वको अन्त्य गरिनुपर्ने ।<br>• जग्गाहरु रैकर तथा विभिन्न प्रकारका गुठीको रुपमा रहेकाले सवै जग्गाहरुलाई एकै किसिमको वनाउनु पर्ने ।<br>• गुठी संस्थान र कार्यालयहरु खारेज गरी गुठीको जग्गा प्रशासनको काम मालपोत कार्यालयले गर्नुपर्ने, पूजा-आजाको सञ्चालन स्थानीय समूहवाट गर्ने र त्यसको समन्वयको काम संस्कृति तथा राज्य पुनर्संरचना मन्त्रालयवाट गर्ने तथा मठ-मन्दिरहरुको जीर्णोद्वारको काम पुरातत्व विभागले गर्नु पर्ने ।<br>• जग्गाहरुको उपयोगको लागि ,वसोवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र तथा वन क्षेत्र भनी परिभाषित गरी सोही वमोजिम उपयोगको व्यवस्था मिलाउनु पर्ने ।<br>• जग्गाको हदवन्दी कायम गर्दा परम्परागत तवरले हिमाल, पहाड, तराई, उपत्यकाको आधारमा नगरी प्रत्येक जिल्लामा जग्गाको किसिम र उत्पादकत्व तथा मूल्यको आधारमा गरिनुपर्ने ।<br>• वस्ती एकीकरण प्रक्रियालाई प्रभावकारी रुपमा अगाडि वढाउनु पर्ने ।<br>• कुनै पनि व्यक्ति, संस्था वा कम्पनीले व्यावसायिक खेती गर्दछ र बृहत् रुपमा उत्पादन गर्दछ भने हदवन्दीमा छुट दिनुपर्ने र नगरेमा अनुगमन गरी जफत गर्नुपर्ने ।<br>• प्रभावकारी भू-उपयोगको लागि हाउजिङ व्यवस्थाको प्रवर्द्धन गर्नुपर्ने ।<br>• सार्वजनिक पर्ती जग्गाहरुको उपयोग नभएको अवस्थामा त्यस्ता जग्गाहरुको स्वामित्व स्थानीय निकायको नाममा गरिदिनुपर्ने ।<br>• आगामी संविधान मार्फत संघीय सरकार एवं स्थानीय निकायले पूर्ण निक्षेपणको अनुभूति गर्न ती निकायहरुलाई कार्य जिम्मेवारी तथा खर्च अधिकार, राजस्व सम्वन्धी अधिकार तथा अन्तरनिकाय हस्तान्तरण जस्ता अधिकारहरु हस्तान्तरण गरिनु पर्दछ ।<br>• घरजग्गा रजिष्ट्रेशन दस्तुर तथा मालपोत दस्तुर वापतको रकम संयन्त्र निर्माण गरी केन्द्रीय सरकार, प्रादेशिक सरकार र स्थानीय निकायकोबीचमा वाँडफाँडको व्यवस्था मिलाउनु पर्दछ । |
| २. | जलस्रोत मन्त्रालय | • जलस्रोत राष्ट्रिय महत्वको सम्पदा भएकोले यसमा कायम हुनुपर्ने अधिकार तथा उपयोग संघीय राज्यहरु तथा केन्द्रबीच प्रष्ट सीमांकन गरी संविधान मार्फत नै किटान गरिनु आवश्यक छ । अन्य मुलुकहरुमा जलाधिकार वापत विभिन्न किसिमका द्वन्द्व भएका दृष्टान्तहरु छन् । |

| | | |
|---|---|---|
| ३ | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | भावी संविधानमा राख्नुपर्ने प्रावधान<br>• सरकारका तहहरुबीच सम्पत्ति र दायित्व, काम र कर्तव्य तथा राजस्व बाँडफाँड सम्बन्धी अधिकारको सूची राख्नु पर्ने ।<br>• सरकारका तहहरुबीच सहकार्यका क्षेत्रहरु ।<br>• विवाद निरुपणको संयन्त्र ।<br>• अन्तर सरकार राजस्व बाँडफाँड निमित्त संघीय वित्तीय आयोग<br>• पर्यटन वोर्ड र नागरिक उड्डयनका केन्द्रीय संयन्त्र र राज्य स्तरमा विस्तार हुन सक्ने ।<br>• अन्तर सरकार राजस्वको बाँडफाँडको स्वरुप राज्यको तह, संख्या र आकारमा निर्भर हुने ।<br>• संविधानमा सरकारका तहहरुको अधिकार र कार्यक्षेत्रको सैद्धान्तिक निरुपण पश्चात् विषयगत कार्य क्षेत्र र यसको सूची निर्धारण गर्न सहज हुने ।<br>• नागरिक उड्डयनका अधिकांश कार्य, अधिकार र व्यवस्थापन अन्तर्राष्ट्रिय मान्यता अनुबन्ध आदिद्धारा व्यवस्थित हुने भएकोले यसको क्षेत्राधिकार केन्द्रमा नै सीमित हुने देखिन्छ ।<br>• पर्यटन क्षेत्रका कार्यहरु अधिकाधिक मात्रामा तल्ला तहका सरकारमा विन्यास हुन सक्ने । |
| ५. | कृषि तथा सहकारी मन्त्रालय | **कृषि क्षेत्रमा भएका विकासका प्रवल अवसरहरु**<br>• सूक्ष्म मौसम उपलब्धता<br>• ग्रामीण विकास<br>• शान्ति स्थापना<br>• रोजगारीको संभावना<br>• सार्वजनिक-निजी क्षेत्र सहकार्यका संभावनाहरु ।<br>• वातावरणको संरक्षण<br>• विशेष (niche) प्राङ्गारिक उत्पादन<br>• कृषि पर्यटन<br>• खाद्यान्नको उत्पादन र उत्पादकत्व बृद्धिको संभावना र उत्पादत्व<br>• फलफूल, तरकारी र व्यावसायिक वालीको क्षेत्र, उत्पादकत्व आदिको संभावना ।<br>• पशु, पशुजन्य पदार्थ तथा माछा उत्पादन तथा उत्पादकत्व सुधारका संभावनाहरु<br>• यस क्षेत्रको व्यावसायीकरण तथा औद्योगीकरणको सम्भाबना, कृषि उत्पादनको गुणस्तर बृद्धि र बजारीकरणहरु<br><br>**प्राथमिकता**<br><br>• खाद्य तथा पोषण सुरक्षा<br>• गरिवी निवारण, आय तथा रोजगारी वृद्धि<br>• जनशक्ति विकास<br>• पूर्वाधार विकास<br>• कृषि, जैविक विविधता संरक्षण र वातावरण मैत्री कृषि |
| .५. | अर्थ मन्त्रालय ( खर्च र राजस्व दुवै) | राजस्व वाँडफाँडमा आगामी दिनमा निम्न सिद्धान्तको आधारमा अगाडि वढ्नु उपयुक्त हुने देखिन्छ ।<br>• Distributional Principle (राज्यको प्रकृति अनुसार)<br>– Derivation को आधारमा<br>– Population को आधारमा |

- Basic Needs, Unique Historical Circumstances तर्फ विशेष ध्यान

- <u>National & Local Economic Stability</u>
  - Central Governments Need Adequate Revenue to Carry out Agreed National Functions
  - Sub-national Entities Need Stable Income, Insurance Against Resource Price Fluctuations
- <u>Expenditure Responsibility (खर्चको जिम्मेवारी तथा जवाफदेही)</u>
  - What does National Government Provide (National Roads, Water, Defense, Power grid)?
  - What do State & Local Entities Province (Local roads, Education, Social Services)?
  - Match Expenditure with Responsibility

उल्लिखत पक्षहरुलाई विचार गर्दा निम्न दुईवटा प्रश्नरु खडा हुन्छन् ।

१. Tax Base वा
२. Tax Revenue

Tax Base मा तल्लो निकायलाई नै कर उठाउने अधिकार दिइन्छ र केन्द्रबाट Share अत्यन्त कम हुन्छ भने Tax Revenue मा Centre ले वढी Tax संकलन गरी राज्य/स्थानीय तहलाई बाँड्ने गर्दछ ।

<u>अपनाउन सकिने Tax Sharing Models</u>

केन्द्रीकृत (Centralized)

यसमा केन्द्रको अधिकार वढी हुन्छ र संकलित राजस्वको अधिकांश हिस्सा एक निश्चित मापदण्ड वनाएर निश्चित प्रतिशत रकम तल्लो तहमा बाँडफाँड गरिन्छ ।

<u>विकेन्द्रित (Decentralized Model)</u>

यस Model मा तल्ला तहहरु (राज्य तथा स्थानीय) मा राजस्व उठाउन सक्ने अधिकतम अधिकार संवैधानिक रुपमै व्यवस्था गरी दिइन्छ र ती निकायहरुलाई जनताप्रति वढी उत्तरदायी वनाउने कोशिश गरिन्छ । यस Model अनुसार केन्द्र सरकारको दायित्व निकै कम हुन्छ । पूर्वाधार विकास, आधारभूत आवश्यकताको व्यवस्थापन एवं सेवा प्रवाह सवैमा राज्य/स्थानीय निकाय जिम्मेवार हुन्छन् ।

<u>Hybrid System</u>

<u>नेपालको सन्दर्भमा उपयुक्त model कुन हुन सक्छ ?</u>

केन्द्र तथा राज्य दुवैलाई अधिकार तथा दायित्व समान रुपमा दिइन्छ र राजस्वको बाँडफाँड पनि सोही बमोजिम गरिन्छ ।

नेपाल संघीय प्रणालीमा प्रवेश गरेपछि हाल केन्द्रमा रहेको अधिकांश अधिकार काठमाडौं वाहिर पुऱ्याई जनतालाई संघीय शासन प्रणालीको सकारात्मक अनुभूति गराउनु निर्माणाधीन संविधानको प्रमुख उद्देश्य हुनु पर्दछ ।

- राज्य तथा स्थानीय निकायलाई आफ्नो क्षेत्रभित्रको शान्ति सुरक्षा, न्याय प्रणाली, सार्वजनिक प्रशासन, शिक्षा, स्वास्थ्य, राज्यस्तरका सडक, पुल, आवास योजना लगायत महत्वपूर्ण जिम्मेवारी दिई जनताप्रतिको दायित्व वढाउँदै जानु पर्दछ ।

अतः यिनै आधारमा संघीय शासन प्रणाली अपनाएका छिमेकी मित्रराष्ट्रहरु लगायत अन्य महत्वपूर्ण संघीय शासन प्रणाली अपनाएका देशहरुको समेत अध्ययन गरी अधिकार निर्धारण गर्नु पर्दछ ।

यस पक्षलाई ध्यानमा राख्दा प्राकृतिक स्रोतको उपयोग र राजस्व परिचालनमा समेत राज्य तथा स्थानीय निकायलाई क्रमशः अधिकार सम्पन्न वनाउँदै जानुपर्ने हुन्छ ।

<u>उल्लिखित महत्वपूर्ण पक्षहरुलाई ध्यानमा राख्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्राकृतिक स्रोत तथा राजस्व बाँडफाँडको उद्देश्य :</u>

- सबै राज्यहरुको समान रुपमा विकास गरी जनताको प्रतिव्यक्ति आम्दानी उच्च

बनाउनु,

- क्षेत्रीय विकास, जनसंख्या व्यवस्थापन, स्रोतको उच्चतम उपयोग तथा पूर्वाधार विकास अर्को प्रमुख उद्देश्य हुनु पर्दछ ।

केन्द्रले संकलन गरेको राजस्वको बाँडफाँड गर्ने रकम यकिन भै सकेपछि निम्न प्रक्रियाको आधारमा राजस्व वाडँफाँड गर्न सकिन्छ :-

- केन्द्र सरकारबाट राज्य सरकारलाई एकमुष्ट उपलब्ध गराउने अनुदान,
- केन्द्र सरकारबाट राज्य सरकार मार्फत स्थानीय निकायलाई एकमुष्ट उपलब्ध गराउने अनुदान,
- केन्द्र सरकारबाट सोझै स्थानीय निकायलाई एकमुष्ट उपलब्ध गराउने अनुदान र
- राज्य सरकार स्वयंले संकलन गरेको करबाट स्थानीय निकायलाई एकमुष्ट उपलब्ध गराउने अनुदान ।

नेपालको सन्दर्भमा उपयुक्त Model कुन हुन सक्छ ?

१. शर्तरहित अनुदान (General Purpose Payment)

यस मापदण्ड बमोजिम उपलब्ध गराएको रकम राज्य सरकार तथा स्थानीय निकायले आफ्नो वार्षिक बजेटमा समावेश गरी आफूखुसी (प्रशासनिक सेवा प्रवाह लगायत अन्य विकास निर्माणका कार्यहरुमा) खर्च गर्न पाउने । केन्द्रलेसंकलन गरेको राजस्वको करिव १० प्रतिशत सम्म ।

२. शर्त सहित अनुदान (Special Purpose Payment)

निश्चित शर्त तोकेर निश्चित क्षेत्रमा खर्च गर्न उपलब्ध गराइने रकम जस्तै शिक्षा विकास, स्वास्थ्य सेवा, पूर्वाधार निर्माण (विद्युत, कृषि, सडक, आवास, संचार आदि) का क्षेत्रमा खर्च गर्नुपर्ने अनिवार्य व्यवस्था सहित । केन्द्रले संकलन गरेको राजश्वको करिव १५ प्रतिशतसम्म ।

राजस्व बाँडफाँडको मापदण्ड

विशेष प्राथमिकता दिएका राज्यहरु (दुर्गम, पिछडिएका, शैक्षिक, पूर्वाधार, जातीय, साँस्कृतिक एवं आर्थिक दृष्टिकोणबाट समेत पिछडिएका)लाई निश्चित मापदण्डको आधारमा बाँडफाँड गर्ने । यो केन्द्रबाट बाँडफाँड गरिने कुल राजस्वको २५ देखि ३० प्रतिशतसम्म हुन सक्छ । बाँडफाँडका आधार निम्न हुन सक्छन् :

| | |
|---|---|
| (क) पूर्वाधार विकास (सडक, विद्युत, संचार आदि ) को अवस्था | २५ % |
| (ख) आधारभूत आवश्यकता (शिक्षा, स्वास्थ्य, खानेपानी आदि) को अवस्था | २५ % |
| (ग) जनसंख्याको आधारमा (जनसंख्या वढी भएमा राज्यलाई बढी) | १५% |
| (घ) राज्यवाट संकलन भएको राजस्व (राजस्व संकलन वढी गर्नेलाई वढी दिने) | १५ % |
| (ङ) सेवा प्रबाहको स्थिति (सेवा केन्द्रहरुको स्थापना र संचालन) | १० % |
| (च) केन्द्रीय आयोजनाहरुको प्रवेश (केन्द्रीय आयोजना वढी भएमा राजस्व रकम कम उपलब्ध गराउने) | १० % |

विशेष प्राथमिकता प्राप्त बाहेक अन्य राज्यहरु (करिव ७०% लाई आधार मान्दा)

| | |
|---|---|
| (क) जनसंख्याको आधारमा | ४५ % |
| (ख) औषत राष्ट्रिय प्रतिव्यक्ति आम्दानीको आधारमा | २०% |
| ■ औसतभन्दा कम प्रतिव्यक्ति आम्दानी - | |
| ■ वढी राजस्व | १२%) |
| ■ औसत र सो भन्दा वढी प्रतिव्यक्ति आम्दानी - कम राजश्व | (८%) |
| (ग) वित्तीय (राजस्व) Contribution को आधारमा | २० % |
| ■ राज्यबाट संकलन भएको कर (वढी संकलन गर्नेले वढी पाउने | १०%) |

| | | |
|---|---|---|
| | | ▪ वित्तीय व्यवस्थापन/आर्थिक अनुशासन<br>(भ्रष्टाचार नियन्त्रण समेत) (५%)<br>▪ राष्ट्रिय उद्देश्य/लक्ष्यमा सरिक (केन्द्रीय योजनाले तोकेको) ५%)<br>(घ) विशेष समस्याग्रस्त राज्यलाई थप (द्वन्द्व, प्राकृतिक विपत्ति आदि) ५ %<br>(ङ) वन तथा अन्य प्राकृतिक स्रोतको संरक्षण (संरक्षणमा नमूना<br>भएमा वढी रकम दिने) ५ %<br>(च) केन्द्रीय आयोजनाहरुको प्रवेश (आयोजनाहरु वढी भए रकम कम) ५ %<br><u>अन्य</u><br>▪ राज्यहरुको समेत प्रतिनिधित्व रहेको वित्तीय आयोग संविधान मै व्यवस्था गरी प्रत्येक शीर्षकहरुका लागि सोही आयोगबाट सूचकांक निर्माण गरी सोही आधारमा वाँडफाँड गर्नु उपयुक्त हुने ।<br>▪ यी मापदण्डका अतिरिक्त केन्द्र सरकारले राज्य तथा स्थानीय निकायलाई निश्चित शर्त र व्याजमा ऋण उपलब्ध गराउनुका साथै केन्द्र ग्यारेण्टी वसी वैदेशिक ऋण सहायता परिचालन गर्न सहयोग गर्नु पर्ने ।<br>▪ केन्द्रीय आयोजनाहरु संभव भएसम्म सबै राज्य तथा स्थानीय निकायमा समानुपातिक रुपमा लैजानु पर्ने ।<br>उल्लिखित विषय वस्तुहरु संविधानमा नै स्पष्ट रुपमा व्यवस्था गरिनु पर्दछ ।<br><br><u>राजस्व वाँडफाँडमा केन्द्रलाई वढी अधिकार दिनुको औचित्य:</u><br>▪ देश भर्खर संघीय ढाँचामा गएको हुँदा केही समय भौतिक, पूर्वाधार विकास, राज्यको प्रशासनिक एवं वित्तीय व्यवस्थापन समेतको जिम्मेवारी केन्द्रले नै लिनुपर्ने हुँदा ।<br>▪ जनताका इच्छा र आकांक्षा असीमित तर स्रोतको सीमितताले गर्दा राज्य तथा स्थानीय निकायले आफ्नै Set up नगरेसम्म जनचाहना अनुरुप कार्य सम्पादन गर्न कठिन हुने हुँदा ।<br>▪ प्रमुख राजमार्गहरु, रेलवे सेवा, संचार सेवा, हुलाक सेवा, हवाई सेवा जस्ता भौतिक पूर्वाधार सम्वन्धी सेवाको विकास देशभरि समान किसिमले गर्न केन्द्र सरकारले आफैं अधिकार प्राप्त गरी अग्रसर हुनु पर्ने हुँदा ।<br>अन्तरराज्य वाणिज्य तथा व्यापार, ठूला खानी, ठूला विद्युत् आयोजना लगायत आर्थिक विकासका क्षेत्रलाई केन्द्र सरकारले नै प्राथमिकता दिनुपर्ने भएको हुँदा ।<br>● शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, जनसंख्या नियन्त्रण, वन तथा वातावरण संरक्षण जस्ता सामाजिक विकासका क्षेत्रमा केही समय राज्य तथा स्थानीय निकायहरुको मात्र भर पर्दा जनताले समुचित सेवा पाउन नसक्ने भएकाले केन्द्र सरकार जिम्मेवारीवाट पन्छिन नमिल्ने हुँदा ।<br>▪ राज्य तथा स्थानीय सरकारहरु वित्तीय व्यवस्थापन र आर्थिक अनुशासन कायम गरी पारदर्शी रुपमा कार्य सम्पादन गर्न सक्षम नहुँदा सम्म ।<br>▪ दुई वा दुईभन्दा वढी राज्यको स्वामित्व/क्षेत्राधिकार/ प्राकृतिक स्रोतको उपयोग सम्वन्धी तथा विकास निर्माणका काममा केन्द्र सरकार सरिक हुनुपर्ने भएकोले ।<br>▪ विशेष प्राथमिकता प्राप्त, दुर्गम तथा पिछडिएका क्षेत्रका जनतालाई परिवर्तनको अनुभूति तत्काल गराउने विशेष कार्यक्रम चलाउनु पर्ने केन्द्र सरकारको दायित्व रहेकोले ।<br>▪ यहाँ प्रस्तुत विद्यमान व्यवस्था, अन्तर्राष्ट्रिय प्रचलन तथा सुझावहरुबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माणमा सघाउ पुग्न सक्नेछ भन्ने आशा राख्न सकिन्छ । |
| .६ | स्थानीय विकास मन्त्रालय | ● स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रावधान बमोजिमका रोयल्टी (विद्युत, वन, खानी), घर जग्गा रजिष्ट्रेशन दस्तुर र पर्यटन शुल्क दस्तुर बाँडफाँडको |

| | | |
|---|---|---|
| | | व्यवस्था गर्ने ।<br>● अन्य प्राकृतिक स्रोतहरु उपयोगको संभावना निकायगत रुपमा खोजी राख्न सकिने ।<br>● कार्य जिम्मेवारी र वित्तीय स्रोतको आवद्धता आवश्यक पर्ने<br>● सेवा शुल्क लिन सक्ने व्यवस्था गरी न्यूनतम मापदण्डका आधारभूत सेवाको शुल्क तिर्न नसक्ने न्यून आय भएकाहरुको लागि भने शुल्क नलिने व्यवस्था गर्ने ।<br>● केन्द्रबाट राजस्व अधिकार दिंदा प्रान्तीय तहमा अन्तःशुल्क दिने र प्रान्तले पनि स्थानीय सरकारलाई सो को रकम बाँडफाँड गर्ने ।<br>● नगरपालिकाहरुलाई घरजग्गा बहाल कर लगाउन दिने ।<br>● घरजग्गा कर (सम्पत्तिकर) स्थानीय सरकारलाई दिने ।<br>● मालपोत स्थानीय सरकारलाई दिने ।<br>● कृषि आयमा कर लगाउने अधिकार प्रान्तलाई दिने र स्थानीय सरकारसँग बाँडफाँड गर्ने ।<br>● आर्थिक अधिकार दिंदा उर्ध्वश्रेणीगत(Vertical) र समश्रेणीगत(Horizontal) सन्तुलन मिलाउनु पर्ने ।<br>● वित्तीय हस्तान्तरणको वितरणीय मात्रा (divisible pool) निर्धारण गर्दा खर्चको आवश्यकता (Expenditure needs) राजस्व स्रोत सम्भाव्यता, लागत (cost) र जनसंख्या जस्ता सूचकलाई आधार मान्ने र यस्ता आधार समयानुकूल अद्यावधिक गर्ने ।<br>● समताको लागि अनुदान (equalization grant) को व्यवस्था गर्ने ।<br>● वित्तीय आयोग, अनुदान आयोग आदिमध्ये कुनै एउटा संस्थाको व्यवस्था गर्ने ।<br>● अनुगमन र सदुपयोगको पक्षलाई पनि समावेश गर्ने ।<br>● दोहोरो जिम्मेवारी र स्रोताधिकार नदिई स्पष्ट कार्यविभाजन (Role delineation) गर्नु पर्ने ।<br>● स्थानीय ऋणको व्यवस्था<br>● औचित्य<br>● वित्तीय संघीयता<br>● वित्तीय सन्तुलन<br>● दक्षता<br>● जवाफदेही<br>● स्वायत्तता<br>● सेवाको सुनिश्चितता र स्वामित्व<br>● सहभागिता<br>● आर्थिक अनुशासन र स्रोत परिचालनमा प्रोत्साहन<br>● क्षमता अभिबृद्धि<br>● पारदर्शिता<br>● वास्तविकता र सुझबुझ |
| .७ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | आई. एल.को अभिसन्धि नं. १६९ का आधारमा आदिवासी जनजातिहरुको निम्न कुरामा पूर्ण व्यवस्थापन तथा नियन्त्रण रहनु पर्नेः-<br><br>● विशेष व्यावसायिक तालिम कार्यक्रमहरु<br>● समुदायमा आधारित स्वास्थ्य सेवाहरु<br>● यस महासन्धिका प्रावधानहरुलाई लागू गर्दा सरकारले उपयुक्त प्रतिक्रियाहद्वारा |

| | | |
|---|---|---|
| | | तथा खास गरेर उनीहरुको प्रतिनिधिमूलक संस्थाहरुको माध्यमद्वारा परामर्श गर्नुपर्छ । परामर्शमा निम्न विषयहरु समाबेश हुनुपर्नेः-<br>(क) राष्ट्रिय संविधानको संशोधन<br>(ख) नयाँ कृषि सम्बन्धी कानूनहरु<br>(ग) भूमि अधिकार सम्बन्धी कानूनहरुका भूमि माथिको अधिकारको कागजपत्र प्राप्त गर्ने प्रक्रियाहरु ।<br>(घ) विकास प्रक्रियाको निम्न चरणमा आदिवासी जनजातिहरुको संलग्नता हुनुपर्छ ।<br>(ङ) राष्ट्रिय शैक्षिक वा स्वास्थ्य कार्यक्रम तथा सेवाहरु<br>(च) आदिबासी/जनजाति समूहलाई असर पार्ने सार्वजनिक नीतिहरु<br><br>सहभागिता<br>।<br>आवश्यकता निर्धारण<br>।<br>प्राथमिकताहरु<br>।<br>निर्माण<br>।<br>विकास परियोजना<br>।<br>कार्यान्वयन<br>।<br>फाइदाहरु<br>।<br>मूल्याङ्कन |
| ९. | हरि रोका | (क) <u>जवाफदेही र सूचना</u><br>● राज्यहरु र त्यसभन्दा तलका एकाईहरुले आफूलाई जवाफदेही र पूर्ण रुपमा सूचना प्रवाह गर्न सक्ने वनाउनु पर्छ ।<br>● राष्ट्रिय रुपमै मूल्यांकन गर्ने क्षमता निर्माण गर्नुपर्छ ।<br>● भिन्ना भिन्नै निरीक्षण ढाँचा निर्माण गर्नु पर्छ ।<br>● नियमित रुपमा वित्तीय रिपोर्ट तथा वजेट प्रणाली अपनाउनु पर्छ ।<br>(ख) <u>संस्थागत विकेन्द्रीकरण</u><br>● पूँजीगत बजार निर्माण गरी भौतिक पूर्वाधार निर्माणलाई सहयोग पुऱ्याउनु पर्छ ।<br>● सूचना प्रवाहलाई भरपर्दो बनाउनु पर्छ ।<br>● विशिष्ट र प्रभावकारी संस्थाहरु निर्माण गर्नु पर्छ ।<br>● (ग) <u>वित्तीय पारदर्शिता</u><br>● आर्थिक तथा आवधिक रिपोर्ट राज्य तहबाट प्रकाशित गरिनु पर्छ ।<br>● रिपोर्टिङ निर्धारण र ग्राण्ट प्राप्त गर्ने आधारको विश्लेषण गरिनु पर्छ ।<br>● संघीय व्यवस्थाको प्रभाव, केन्द्र र राज्यहरु बीचको सम्बन्ध र केन्द्रका कामको प्रभावका बारेमा स्टेटमेण्ट तयार पारिनु पर्छ ।<br>● केन्द्रीय बैंकसँगको सम्बन्ध र अन्य वित्तीय व्यवस्थापनका लागि राज्यले ऋण वा ग्रान्टका लागि नयाँ संयन्त्र निर्माण गर्नु पर्छ । |
| १०. | <u>प्राकृतिक स्रोत राष्ट्रिय परिसंघ नेपाल</u> | ● संविधानको प्रस्तावनामा प्राकृतिक स्रोत भन्ने शब्द र यसको सन्दर्भलाई राष्ट्रिय हित सँगसँगै आदिवासी एवं स्थानीय समुदाय र समग्र आम नेपाली जनताको समृद्धिसँग जोडेर निम्न अनुसार उल्लेख गर्नु पर्नेः |

| | | |
|---|---|---|
| | | • <br>प्राकृतिक स्रोतका सन्दर्भमा नयाँ संविधानमा गर्नुपर्ने आधारभूत व्यवस्थाहरु<br><br>१. प्राकृतिक स्रोतमाथिको आदिवासी एवं स्थानीय समुदायको अधिकारलाई आधारभूत मानव अधिकारको रुपमा संवैधानिक मान्यता प्रदान गर्ने ।<br>२. प्राकृतिक स्रोतमा आदिवासी एवं स्थानीय समुदायको सार्वभौमसत्तासम्पन्न अधिकार रहने संवैधानिक व्यवस्था गर्ने ।<br>३. नेपालको प्राकृतिक स्रोत व्यवस्थापनका लागि समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापन पद्धतिलाई राष्ट्रिय प्राथमिकता प्राप्त पद्धतिको रुपमा संवैबधानिक मान्यता प्रदान गरी राज्यले यसको सम्मान, सर्म्बद्धन र संरक्षण गर्ने संवैधानिक व्यवस्था गर्ने ।<br>४.जमिनमा श्रम गर्ने किसानको कृषि जमिनमाथि स्वामित्व, नियन्त्रण र व्यवस्थापन गर्ने हक र आवास एवं कृषि जमिनको स्वामित्व र नियन्त्रणका साथै पैतृक सम्पत्तिमा महिला पुरुष छोरा छोरी दुवैको समान हक हुने संवैधानिक व्यवस्था गर्ने ।<br>५. कृषि भूमिको न्यायोचित वितरणका लागि राज्यले कृषि भूमि अधिग्रहण गरी भूमिमा श्रम गर्ने भूमिहीन परिवारलाई पुनर्वितरण गर्ने संवैधानिक व्यवस्था गर्ने ।<br>६. प्रत्येक नागरिकलाई सुरक्षित आवास, स्वस्थ, खानेपानी, खाद्य सम्प्रभुता, ऊर्जा सम्वन्धी हक र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने संवैधानिक व्यवस्था गर्ने ।<br>७. राज्यले जल विद्युत्, सिंचाई, खानेपानी तथा जलस्रोतको परिचालनसंग सम्बन्धित कार्यहरु गर्दा (आयोजना संचालन गर्दा) त्यसमा आदिवासी, अल्पसंख्यक, सीमान्तकृत, पछाडि पारिएका वर्ग एवं स्थानीय समुदायको प्राकृतिक स्रोतमाथिको प्राकृतिक अधिकार सुनिश्चित गर्ने संवैधानिक व्यवस्था गर्ने । |
| ११. | सोमलाल सुबेदी | • स्थानीय स्वायत्त शासन ऐन,२०५५ का प्रावधान बमोजिमका रोयल्टी, (विधुत्, वन, खानी), घरजग्गा रजिष्ट्रेशन दस्तुर र पर्यटन शुल्क दस्तुर बाँडफाँडको व्यवस्था गर्ने ।<br>• अन्य प्राकृतिक स्रोतहरु उपयोगको संभावना निकायगत रुपमा खोजी राख्न सकिने<br>• कार्य जिम्मेवारी र वित्तीय स्रोतको आवद्धता आवश्यक पर्ने ।<br>• सेवा शुल्क लिन सक्ने व्यवस्था गरी न्यूनत्तम मापदण्डका आधारभूत सेवाको शुल्क तिर्न नसक्ने न्यून आय भएकाहरुको लागि भने शुल्क नलिने व्यवस्था गर्ने।<br>• केन्द्रवाट राजस्व अधिकार दिंदा प्रान्तीय तहमा अन्त:शुल्क दिने र प्रान्तले पनि स्थानीय सरकारलाई सो को रकम बाँडफाँड गर्ने ।<br>• घर-जग्गा कर (सम्पत्ति कर ) स्थानीय सरकारलाई दिने<br>• मालपोत स्थानीय सरकारलाई दिने ।<br>• कृषि आयमा कर लगाउने अधिकार प्रान्तलाई दिने र स्थानीय सरकारसंग बाँडफाँड गर्ने ।<br>• आर्थिक अधिकार दिंदा उर्ध्व श्रेणीगत (vertical) र सम श्रेणीगत (Horizontal) सन्तुलन मिलाउन पर्ने ।<br>• वित्तीय हस्तातरणको वितरणीय मात्रा (divisible pool) निर्धारण गर्दा खर्चको आवश्यकता (expenditure needs) राजस्व स्रोत संभाव्यता, लागत (cost) र जनसंख्या जस्ता सूचकलाई आधार मान्ने र यस्ता आधार समयानुकूल अद्यावधिक गर्ने ।<br>• समताको लागि अनुदान (equalization grant) को व्यवस्था गर्ने ।<br>• वित्तीय आयोग, अनुदान आयोग आदिमध्ये कुनै एउटा संस्थाको व्यवस्था गर्ने ।<br>• अनुगमन र सदुपयोगको पक्षलाई पनि समावेश गर्ने ।<br>• दोहोरो जिम्मेवारी र स्रोताधिकारको स्पष्ट कार्य विभाजन (Role delineation) गर्नुपर्ने । |

<table>
<tr><td></td><td></td><td>

<ul><li>स्थानीय ऋणको व्यवस्था ।</li></ul>

<u>स्थानीय सरकारमा दिइनु पर्ने प्रस्तावित वित्तीय/राजस्व अधिकार</u>

<table>
<tr><th>राजस्व /शीर्षक/आधार</th><th>स्थानीय सरकार</th><th>राजस्व बाँडफाँड गर्ने</th></tr>
<tr><td>घरजग्गा र सम्पत्ति कर</td><td></td><td></td></tr>
<tr><td>(Payroll tax)</td><td></td><td></td></tr>
<tr><td>घर बहाल कर</td><td></td><td></td></tr>
<tr><td>जलस्रोत रोयल्टी</td><td></td><td></td></tr>
<tr><td>खानी रोयल्टी</td><td></td><td></td></tr>
<tr><td>ऊर्जा कर</td><td></td><td></td></tr>
<tr><td>सवारी इन्धन tools</td><td></td><td></td></tr>
<tr><td>सेवा शुल्क दस्तुर</td><td></td><td></td></tr>
<tr><td>प्राकृतिक स्रोत</td><td></td><td></td></tr>
<tr><td>मनोरञ्जन कर</td><td></td><td></td></tr>
<tr><td>विज्ञापन कर</td><td></td><td></td></tr>
<tr><td>वन पैदावार</td><td></td><td></td></tr>
<tr><td>थोक खरीद गरी वितरण (विद्युत्)</td><td></td><td></td></tr>
<tr><td>पर्यटन प्रवेश शुल्क आदि</td><td></td><td></td></tr>
</table>

</td></tr>
<tr><td>१२..</td><td>पुष्प कंडेल</td><td>

<ul>
<li>वित्तीय हस्तान्तरणमा ध्यान दिनुपर्ने पक्षहरु, खर्च दायित्वलाई सम्बोधन गर्न वित्तीय आवश्यकता</li>
<li>वित्तीय अन्तर ( भर्टिकल र होरिजेन्टल दुवै )</li>
<li>वित्तीय असमानता र असमानतालाई सम्बोधन</li>
<li>वित्तीय असक्षमता (राजश्व संकलन र खर्चमा)</li>
<li>वित्तीय सहिष्णुता</li>
<li>अनुदान विवरणको सूत्र</li>
<li>प्रभावकारी अनुगमन र मूल्यांकन</li>
</ul>

</td></tr>
<tr><td>१३.</td><td>वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय</td><td>

वातावरण सम्बन्धी हक<br>
(१) प्रत्येक व्यक्ति तथा भावी सन्ततिलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।<br>
(२) प्रत्येक व्यक्तिलाई विश्वव्यापी रुपमा बढ्दै गएको जलवायु परिवर्तनबाट सिर्जित दुष्प्रभावहरु वारे सु-सूचित हुने, संरक्षित हुने र त्यसको प्रभावलाई न्यूनीकरण गर्ने हक हुनेछ ।<br><br>
राज्यका नीतिहरुः:<br>
(१) राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ । जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्बन्धी क्रियाकलापद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिनेछ । प्रदूषणको रोकथाम तथा नियन्त्रण, वन र वनस्पति तथा जैविक विविधताको संरक्षण ,दिगो उपयोग र यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको नीति राज्यले अवलम्वन गर्नेछ ।<br>
(२) वातावरणीय शिक्षा प्रदान गर्ने नीति राज्यले अवलम्वन गर्नेछ ।<br>
(३) जलवायु परिवर्तन र सोबाट परेको वा पर्न सक्ने प्रभाव वारे जनचेतना

</td></tr>
</table>

बढाउने, पूर्व सावधानी अपनाउन तथा त्यसबाट पर्ने दुष्प्रभावलाई न्यूनीकरण गर्न राज्यले आवश्यक नीति अवलम्वन गर्नेछ ।

(४) वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, ऐतिहासिक तथा साँस्कृतिक महत्वका स्थलहरुको संरक्षण र सम्बर्द्धनमा राज्यले प्राथमिकता दिनेछ ।

(५) नवीकरणीय स्रोत र साधनको वढीभन्दा बढी उपयोगद्वारा भावी पुस्ताको लागि प्राप्त हुने अवसरहरुलाई संकुचन हुन नदिने नीति राज्यले अवलम्बन गर्नेछ ।

(६) भू-क्षयीकरण रोकथाम तथा सुख्खा क्षेत्र कम गर्न राज्यले विशेष प्राथमिकता दिने नीति अवलम्बन गर्नेछ ।

(७) किसानका अधिकारहरु सुनिश्चित गरी कृषि क्षेत्रको उत्पादकत्व बढाई कृषिलाई उद्योगको रुपमा विकास गर्ने नीति राज्यले अवलम्वन गर्नेछ ।

**राज्यको दायित्वः**

(१) राज्य पक्ष भएको वातावरणीय महासन्धिको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने तथा सो अनुकूल उपयुक्त संरचना तयार गर्ने राज्यको दायित्व हुनेछ ।

(२) देशको प्राकृतिक स्रोत, सम्पदा वा जैविक विविधताको परिचालन , उपयोग गर्दा स्थानीय समुदायहरुलाई प्राथमिकता दिनु, नीति निर्माण र लागतको बाँडफाँडमा प्राथमिकता दिंदै स्थानीय स्वायत्त शासनका माध्यमवाट स्वशासित हुने वातावरण तयार गर्नु राज्यको दायित्व हुनेछ ।

(३) राज्यले आदिवासी, जनजातिको जैविक तथा सांस्कृतिक स्रोत सम्बन्धी परम्परागत ज्ञान, सीप, अनुसन्धान र अभ्यासको संरक्षण र सम्वर्द्धन गरी त्यस्ता ज्ञान,सीप र अभ्यासबाट प्राप्त लाभमा त्यस्ता समुदायको हकको सुनिश्चितता गर्नु राज्यको दायित्व हुनेछ ।

**राज्यका निर्देशक सिद्धान्तहरु अन्तर्गत समावेश गर्नुपर्ने व्यवस्था**

योजनाबद्ध ढङ्गमा विज्ञान तथा प्रविधिको विकास र परिचालनबाट राष्ट्रलाई खाद्य तथा उर्जामा आत्मनिर्भर बनाउँदै गरिवी निवारण गरी दिगो विकासको अवधारणा अनुरुप आर्थिक समृद्धि हासिल गर्नु राज्यको उद्देश्य हुनेछ ।

**राज्यका नीति अन्तर्गत राखिनु पर्ने**

(१) प्राकृतिक स्रोत,जैविक विविधता तथा मानवीय संसाधनको उच्चत्तम परिचालनबाट व्यवसायीकरण र औद्योगीकरणतर्फ परिलक्षित कार्ययोजना अन्तर्गत बैज्ञानिक र प्राविधिकहरुको बौद्धिक तीक्ष्णता, ज्ञान र सीपलाई पूर्ण रुपमा उपयोगमा ल्याउने र ती क्रियाकलापमा सबै जातजाति र वर्गको समान अवसर र सहभागिता सुनिश्चित गरिने नीति राज्यले अवलम्बन गर्नेछ ।

(२) विज्ञान प्रविधिको सृजनात्मक एवं गतिबान विकासको लागि राष्ट्रले गुणस्तरीय पूर्वाधारयुक्त विज्ञान शिक्षा, अनुसन्धान तथा विकास कार्यक्रममा उचित एवं पर्याप्त लगानी गर्ने नीति अवलम्बन गर्नेछ ।

(३) देशभित्रै अन्तर्राष्ट्रिय स्तरको बैज्ञानिक क्षमताको विकास तथा प्रविधिमा आत्मनिर्भरता हासिल गर्ने नीति राज्यले अवलम्वन गर्नेछ ।

(४) विज्ञान र प्रविधिका महत्वपूर्ण क्षेत्रहरु कृषि, चिकित्सा विज्ञान, ऊर्जा, जलस्रोत, सूचना प्रविधि, जैविक प्रविधि, वनस्पति सम्पदा, परमाणुप्रविधि, वातावरणीय विज्ञान आदि क्षेत्रमा नेतृत्वदायी भूमिका प्रदान गर्न सक्ने प्रकारको साधन-स्रोत सम्पन्न संगठनात्मक विकास गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

(५) राष्ट्रका लागि आवश्यक उच्चस्तरीय प्रविधिको आयात लगायत राष्ट्रिय स्तरका अनुसन्धान र विकास केन्द्रको स्थापना गरी त्यस्तो केन्द्रमा देशका उच्चकोटिका बैज्ञानिक तथा प्रविधिको क्षेत्रमा उच्च जनशक्तिको विकास गर्ने नीति राज्यले अवलम्वन गर्नेछ ।

| | | |
|---|---|---|
| | | (६) विज्ञान र प्रविधिको क्षेत्रमा विदेशमा कार्यरत ख्यातिप्राप्त नेपाली बैज्ञानिक तथा प्राविधिज्ञहरुलाई देशको विज्ञान र प्रविधिको विकासमा सहभागी गराउन राज्यले आवश्यक नीति अवलम्बन गर्नेछ । |
| १४. | डा.रवि शर्मा ( अर्याल) | (१) देशको शासन प्रणाली कति तहमा लाने हो प्रष्ट हुनुपर्ने जस्तै तीन वा चार तह ? केन्द्र, प्रान्त र स्थानीय तह मात्र राख्ने हो वा समुदायको तहसम्म पुग्ने हो ?<br>(२) प्राकृतिक स्रोतबाट प्राप्त हुने लाभ देशका सवै क्षेत्रका जनतामा समन्यायिक तवरले कसरी बाँडन सकिन्छ ? सो उपर क-कसको नियन्त्रण रहने हो ?<br>(३) प्राकृतिक स्रोतको संरक्षण गर्ने दायित्व जनताको मौलिक कर्तव्यको रुपमा संविधानमा समावेश हुनु पर्ने ।<br>(४) अन्तर्राष्ट्रिय सन्धि, संभ्कौता र एकभन्दा बढी प्रान्तसंग सम्बन्धित कुराहरुमा संघको नियन्त्रण हुनु पर्ने । |